# शिवराज नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
चन्द्रौटा, कपिलवस्तु
लुम्बिनी प्रदेश, नेपाल

पत्र संख्या : ०८३/०८४
चलानी नम्बर :

मिति : २०८३।०३।१२

विषयः स्वयंसेवक शिक्षकको पदपूर्ति सम्बन्धी सूचना।

शिवराज नगरपालिका अन्तर्गत संचालित विद्यालयमा रिक्त रहेको स्वयंसेवक शिक्षक पदपूर्तिको लागि खुला प्रतियोगितात्मक परीक्षाको माध्यमद्वारा पदपूर्ति गर्नका लागि योग्य उम्मेदवारहरूले यस नगरपालिकाको निर्धारित दरखास्त फाराम भरी यो सूचना प्रकाशित भएको १५ दिनभित्र आवेदन पेश गर्न यो सूचना प्रकाशित गरिएको छ।

१.स्वयंसेवक शिक्षकको पदपूर्ति विवरणः

| १. माध्यमिक तह | |
|---|---|
| विज्ञापन नं/विषय | संख्या |
| ०१/०८३/८४/ अंग्रेजी | १ |
| ०२/०८३/८४/ गणित | १ |

२. उम्मेद्वारमा हुनुपर्ने आवश्यक न्यूनतम योग्यता

**क) माध्यमिक तहः** सम्बन्धित विषयमा स्नातक तह वा सो सरहको परीक्षा उत्तीर्ण गरी शिक्षा विषयमा कम्तीमा दश महिने तालिम लिएको,

**अन्य आवश्यक कागजातहरु :**

ख) सम्बन्धित तहको स्थायी अध्यापन अनुमतिपत्रको प्रमाणित प्रतिलिपि।

ग) नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि।

घ) दरखास्त फाराम बुझाउने अन्तिम मिति २०८३ श्रावण १२ गतेसम्ममा १८ वर्ष पुरा भई ४० बर्ष उमेर ननाघेको हुनुपर्ने छ।

३. उम्मेद्वारले अनिवार्य रूपले पेश गर्नु पर्ने कागजातहरूः

क) नगरपालिकाद्वारा स्वीकृत गरिएको दरखास्त फाराम

ख) परीक्षा दस्तुरःमाध्यमिक तह रु १०००।-को कार्यालय नगदी राजस्व रसिद।

ग) उम्मेद्वार हुनको लागि तोकिएका कागजातहरू।

घ) वैदेशिक शिक्षण संस्थाबाट प्राप्त गरेको शैक्षिक योग्यताको हकमा समकक्षता प्रमाणपत्रको प्रतिलिपि।

४. दरखास्त फाराम साथ पेश गरिएका प्रमाणपत्रका प्रतिलिपिहरूमा उम्मेदवार स्वयमले सक्कल बमोजिम नक्कल ठीक छ भनी प्रमाणित गरेको हुनु पर्नेछ।

५. परीक्षाको किसिमः (क) लिखित परीक्षा (ख) मौखिक

६. दरखास्त फाराम पेस गर्ने अन्तिम मितिः २०८३ श्रावण २६ गतेसम्म, उक्त दिन सार्वजनिक बिदा पर्न गएमा सो पछि कार्यालय खुलेको पहिलो दिन तोकिएको परीक्षा दस्तुर अनिवार्य रुपमा बुझाइ सक्नुपर्नेछ।

७. लिखित परीक्षा हुने मितिः पछि प्रकाशन गरिनेछ।

८. अन्तरवार्ताको मिति, स्थान र समयः लिखित परीक्षाको नजिता प्रकाशित गर्दा मिति, समय र स्थान तोकिने छ।

९. विज्ञापन सम्बन्धी थप जानकारीः

क) कुनै पनि शर्त राखी दरखास्त स्वीकृत गरिने छैन।

ख) कुनै उम्मेदवारले झुट्टा विवरण (कागजात) पेश गरेको जानकारी हुन आएमा त्यस्तो उम्मेदवारको दरखास्त फाराम जुन सुकै बखत रद्द गरी कानुन बमोजिम कारबाही गरिने छ।

ग) शिक्षक सेवा आयोगले खुला प्रतियोगितात्मक परीक्षाको लागि तोकको नयाँ पाठ्यक्रम बमोजिम हुनेछ।

१०. दरखास्त सङ्कलन, रुजु र स्वीकृत गरी प्रवेशपत्र वितरण नगरपालिकाबाट हुने छ।

११.अध्यापन अनुमतिपत्र लिएको उम्मेद्वारलाई प्राथमिकता दिइनेछ।

२०८३।४।१२

पूर्ण बहादुर विश्वकर्मा
उप-सचिव

फोन नं. ०७६-५४०११८,०७६-५४०१४७, फ्याक्स नं. ०७६-५४०११८
Email: info@shivarajmun.gov.np , shivrajmunicipality@gmail.com,
website: http://shivrajmun.gov.np

# शिवराज नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

चन्द्रौटा, कपिलवस्तु
लुम्बिनी प्रदेश, नेपाल

पत्र संख्या : २०८३/०८४
चलानी नम्बर :

मिति :२०८३।०४।१२

सूचना सूचना सूचना

विषय - दररेट पेश गर्ने बारे।

प्रस्तुत विषयमा यस कार्यालयको शिक्षा शाखालाई तपसिलमा उल्लेखित स्पेसिफिकेसन सहितको अर्धबार्षिक तथा बार्षिक परीक्षा कपी छपाई गरि प्राप्त गर्नु पर्ने भएकोले ईच्छुक प्रकाशक तथा सप्लायर्सहरुले के कति दररेटमा कार्यालयमा उपलब्ध गराउन सकिन्छ, सो को विवरण यो सूचना प्रकाशन भएको मितिले ७ दिन भित्र कार्यालय समयमा कार्यालयमा उपलब्ध गराइ दिनु हुन यो सूचना प्रकाशन गरिएको छ।

तपसिल

| क्र. सं. | विवरण | स्पेसिफिकेसन | एकाइ | कैफियत |
|---|---|---|---|---|
| १ | मूल उत्तर पुस्तिका (कक्षा ६-१२) | साइज 11.6×9 इन्च 70 ग्राम | सेट | उत्तरपुस्तिकामा अग्रभागको छपाई ४ पाना (८ पेज) |
| २ | थप उत्तर पुस्तिका (कक्षा ६-१२) | साइज 11.6×9 इन्च 70 ग्राम | सेट | २ पाना (४ पेज) |

२०८३।४।१२
पूर्ण बहादुर बिश्वकर्मा
उप-सचिव

फोन नं. ०७६-५४०११८,०७६-५४०१४७, फ्याक्स नं. ०७६-५४०११८
Email: info@shivarajmun.gov.np , shivrajmunicipality@gmail.com,
website: http://shivrajmun.gov.np